बैठक संख्याः १।२०८१

बैठक मितिः २०८१।३।१४, समयः दिनको ३:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।३।१४ गते शुक्रबार दिनको ३:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उपप्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री सिता ढुङ्गेल फुयाल | का.वा.वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारी** | | | |
| १ | श्री सुमन पौडेल | अधिकृत | |
| २ | श्री निरज चौधरी | स.क.अ | |

३. श्री रंजीत कु. चौधरी वडा सदस्य वडा नं. ६

४. श्री विरेन्द्र [illegible] – ले. अ.

बैठक संख्याः १।२०८१
बैठक मितिः २०८१।३।१४, समयः दिनको ३:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१. प्रस्ताव नं. १ : रामधुनी नगरपालिकामा स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा ।
२. प्रस्ताव नं. २ : तह वृद्धि सिफारिस समितिमा सम्बन्धमा ।
३. प्रस्ताव नं. ३ : प्रार्थना गान सम्बन्धमा ।
४. प्रस्ताव नं. ४ : झोलुङ्गे पुल निर्माणको म्याद थप सम्बन्धमा ।
५. प्रस्ताव नं. ५ : योजनाको नाम संशोधन सम्बन्धमा ।
६. प्रस्ताव नं. ६ : सडक मर्मत सम्बन्धमा ।
७. प्रस्ताव नं. ७ : कडा रोगको रकम भुक्तानी सम्वन्धमा ।
८. प्रस्ताव नं. ८ : कार्यक्रमको संम्झौता सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

रामधुनी नगरपालिकामा स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धिलाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गर्नका लागि कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवाको (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकारको आधारमा देहाय वमोजिमको "रामधुनी नगरपालिकामा स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" पारीत गर्ने निर्णय गरियो ।

**देहाय**

**रामधुनी नगरपालिकामा स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१**

कार्यपालिकाबाट स्वीकृत मिति : .............
प्रमाणिकरण मिति : .............

**प्रस्तावना**

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम रामधुनी नगरपालिकामा स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले ऐनको दफा १५१ ले दिएको अधिकार प्रयोग गरी रामधुनी नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ।

बैठक संख्याः १।२०८१
बैठक मितिः २०८१।३।१४, समयः दिनको ३:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यो कार्यविधिको नाम "रामधुनी नगरपालिकामा स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।
(२) यो कार्यविधि कार्यपालिकाबाट निर्णय भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "ऐन" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० लाई सम्झनुपर्दछ।

(२) "कर्मचारी" भन्नाले रामधुनी नगरपालिकामा स्थानीय सरकारी सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई सम्झनुपर्दछ।

(३) "कार्यालय" भन्नाले रामधुनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरीलाई सम्झनुपर्दछ।

(४) "नगरपालिका" भन्नाले रामधुनी नगरपालिका, सुनसरीलाई सम्झनु पर्दछ।

(५) "नगर कार्यपालिका" भन्नाले रामधुनी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

(६) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग, विराटनगरलाई सम्झनुपर्दछ।

(७) "तह वृद्धि" भन्नाले ऐनको दफा २७ बमोजिम हुने कर्मचारीको तह वृद्धि सम्झनुपर्दछ।

(८) "प्रदेश किताबखाना" भन्नाले कोशी प्रदेशको किताबखाना सम्झनुपर्दछ।

(९) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामधुनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(१०) "समिति" भन्नाले ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समिति सम्झनुपर्दछ।

३. **सूचना प्रकाशन गर्नेः-** (१) ऐनको दफा २७ बमोजिम नगरपालिकामा स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको तह वृद्धिको लागि प्रत्येक वर्षको असार र पुस महिनाको २५ गतेभित्र तह वृद्धिका लागि सम्भाव्य उम्मेदवारहरूका लागि कम्तीमा एक महिनाको म्याद दिई दरखास्त आह्वान सम्बन्धी सूचना नगरपालिकाको सूचनापाटी तथा वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ।

४. **निवेदन दिनुपर्नेः-** दफा ३ को उपदफा (१) बमोजिम प्रकाशित सूचना बमोजिम सम्भाव्य उम्मेद्वारले देहायका कागजातहरू संलग्न राखी अनुसूची-१ बमोजिमको निवेदन दिनुपर्नेछ।
(क) पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

(ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,

(ग) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि (समायोजन भएका कर्मचारीको हकमा),

(घ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

(ङ) पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र),

(च) ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरू।

५. सिफारिस समितिः- (१) ऐन बमोजिम तह वृद्धि गर्ने प्रयोजनका लागि ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समिति गठन गर्नुपर्नेछ।

(२) समितिलाई तह वृद्धि सिफारिस सम्बन्धमा निर्णय लिन कुनै द्विविधा उत्पन्न भएमा सो सम्बन्धमा ऐनको दफा ३८ बमोजिमको बढुवा समितिको निर्णय बमोजिम हुनेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः- (१) ऐन बमोजिम तह वृद्धि हुनका लागि आवश्यक न्यूनतम योग्यता र सेवा अवधि उक्त ऐनले तोके बमोजिम हुनेछ।

७. तह वृद्धि सम्वन्धी विशेष व्यवस्थाः-

(१) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः- कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर नगरपालिका अन्तर्गत दरबन्दी भएका कर्मचारीको नगरपालिकामा नै तह वृद्धि हुनेछ । नगरपालिकाबाट अर्को स्थानीय तहमा खटिएको कर्मचारीको हकमा दरवन्दी/पदाधिकार नगरपालिकामा नै रहेको खण्डमा नगरपालिकामा तह वृद्धि गरिनेछ।

८. जेष्ठता कायमः- तह वृद्धि हुने कर्मचारीको ज्येष्ठता ऐनमा भएको व्यवस्था बमोजिम कायम हुनेछ।

९. बाधा अड्काउ फुकाउनेः- कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा (४) बमोजिम हुनेछ ।

१०. तह वृद्धि गर्न नहुनेः- ऐनको दफा ३० बमोजिम अयोग्यता भएका कर्मचारीहरूको तह वृद्धि गरिनेछैन।

११. तह वृद्धि गर्नु पर्नेः- ऐन बमोजिम तह वृद्धिका लागि निवेदन दिएका कर्मचारीहरूको तह वृद्धिको लागि समितिले दरखास्त दिने म्याद सकिएको ७ दिनभित्र तह वृद्धिका लागि सिफारिस गरिसक्नु

४/१२

CamScanner

पर्नेछ र सो सिफारिस प्राप्त भएको ७ दिनभित्र ऐनको दफा २७ को उपदफा (३) बमोजिम कार्यपालिकाले निर्णय गरी नियमानुसार अनुसूची-२ अनुसारको तह वृद्धिको पत्र दिनु पर्नेछ।

१२. सार्वजनिक गर्नेः- तह वृद्धि भएका कर्मचारीहरूको विवरण नगरपालिकाले आफ्नो सूचना पाटी र वेबसाइटमा प्रकाशन गरी सार्वजनिक गर्नुपर्ने छ।

१३. सचिवालयः- तह वृद्धि सम्बन्धी कार्य गर्न कार्यालयको सामान्य प्रशासन शाखाले सचिवालयको काम गर्नेछ।

१४. जानकारी दिनु पर्नेः- ऐन बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ।

१५. उजुरी/गुनासोः- तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा निर्णयको सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

१६. प्रचलित कानुन बमोजिम हुनेः- यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१७. बचाउः- यो कार्यविधि प्रारम्भ हुनुभन्दा पहिले ऐन बमोजिम भए गरेका कामकारवाही यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ।

बैठक संख्या: ९।२०८१
बैठक मिति: २०८१।३।१४, समय: दिनको ३:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

फाराम दर्ता नं
मिति:

# अनुसुची १

(दफा ४ सँग सम्बन्धित)

## रामधुनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### झुम्का,सुनसरी

### कोशी प्रदेश, नेपाल

### (तह वृद्धि आवेदन फाराम)

उम्मेदवारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी शाखा प्रमुखबाट प्रमाणित गर्नुपर्ने

१. सूचनाको विवरण:

तह वृद्धिको सूचना नम्बर: .............................. मिति:...................................
सेवा/समूह:.............................. तह वृद्धि हुने तह:......................

२. उम्मेदवारको विवरण:

उम्मेदवारको नाम, थर (देवनागरीमा)................................................
उम्मेदवारको नाम, थर (अंग्रेजी ठूलो अक्षरमा)........................................
ठेगाना:....................................... बहालमा रहेको कार्यालय:..........................
बाबुको नाम.................................. हालको सेवा:..........................................
आमाको नाम:................................. समूह/उपसमूह:......................................
बाजेको नाम:................................. पद/तह:..............................................
नागरिकता प्रमाणपत्र नं.................... कर्मचारी संकेत नं...............................
जारी जिल्ला: ................................. मोबाइल नं.........................................

३. सेवाको विवरण: (शुरुदेखि हालसम्मको)

| पदको नाम, श्रेणी/तह, सेवा, समूह/उपसमूह | कार्यालयको नाम | नियुक्ती वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए सोको अवधि | | कसरी आएको (खुल्ला, बढुवा, समायोजन/सरुवा) | स्थायी नियुक्ती गर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | देखि | सम्म | | | |
| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | | | | | | |

बैठक संख्याः १।२०८१

बैठक मितिः २०८१।३।१४, समयः दिनको ३:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

४. हालको तहमा वा समायोजन हुनुभन्दा पहिलाको समान तहको पदमा तह वृद्धिको लागि आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने अवधि......................वर्ष, .........महिना, ............दिन

५. तह वृद्धिका लागि योग्य भए/नभएको अवस्थाः

क. विभागीय कारवाही भएको/नभएको ........................

भएको भए कुन कारबाही भएको हो? सकिने अवधि उल्लेख गर्नुहोस.......................

ख. ऐनको दफा २७ बमोजिम तह वृद्धि हुने पदका लागि आवश्यक न्यूनतम योग्यता हासिल गरेको/नगरेको...................

ग. असाधारण/अध्ययन विदामा बसेको/नबसेको ......................

बसेको भए सोको अवधि उल्लेख गर्नुहोस............................

घ. निलम्बनमा परेको/नपरेको.................................

ङ. पेशासँग सम्बन्धित व्यवसायी परिषद्को प्रमाणपत्रको अवधिः................................

६. माथि उल्लेखित विवरण ठीक छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला भनी सहीछाप गर्नेः

कर्मचारीको नाम,थर ..........................

संकेत नं .......................................

पद.........................................

सही र मितिः...............................

| ल्याप्चे सहीछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**फाराम प्रमाणित गर्ने अधिकृतको:**

**कार्यालयको छापः**

नामः- ................................

पदः- ................................

दस्तखतः- ............................

मितिः- ...............................

बैठक संख्या: ९।२०८१
बैठक मिति: २०८१।३।१४, समय: दिनको ३:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

अनुसूची २

# रामधुनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

झुम्का ,सुनसरी
कोशी प्रदेश, नेपाल

मिति :

विषय : तह वृद्धी सम्बन्धमा ।

महाशय,

कोशी प्रदेशको स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०८० को दफा ............ बमोजिम तह वृद्धी सिफारिसका आधारमा रामधुनी नगरपालिका, नगर कार्यपालिकाको मिति ..................... को निर्णयानुसार तपाईलाई देहाय बमोजिम तह वृद्धि गरिएको छ ।

| कर्मचारीको हालको विवरण | कर्मचारीको तह वृद्धी भएको विवरण |
|---|---|
| पद :<br>तह :<br>सेवा/ समुह :<br>कार्यलय : | पद :<br>तह :<br>सेवा/ समुह :<br>कार्यलय :<br>जेष्ठता लागु हुने मिति : |

श्री .............................
( संकेत नं.................... )

.............................
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ :
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।
मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, बिराटनगर ।
श्री कर्मचारी संचय कोष, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौ।
श्री राष्ट्रिय किताबखाना (निजामति), श्रीमहल, ललितपुर ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ ।
श्री प्रदेश निजामती किताबखाना, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, बिराटनगर ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरी ।
श्री आर्थिक प्रशासन शाखा, रामधुनी नगरपालिका, झुम्का, सुनसरी ।



CamScanner

बैठक संख्या: ९।२०८१
बैठक मिति: २०८१।३।१४, समय: दिनको ३:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं. २

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को परिच्छेद-५ अन्तर्गत दफा २७ को उपदफा (४) वमोजिम कर्मचारी तह वृद्धिको लागि प्रत्येक स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना वरिष्ठ कर्मचारी रहेको तह वृद्धि सिफारिस समिति हुने भन्ने व्यवस्था भए वमोजिम रामधुनी नगरपालिका वा अन्तर्गत कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्न तह वृद्धि सिफारिस समितिमा देहायका कर्मचारीहरुलाई तोक्ने निर्णय गरियो ।

तपसिल

(१) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष
(२) अधिकृत, अधिकृतस्तर आठौं, श्री राजन कुमार गेलाल - सदस्य
(३) जनस्वास्थ निरीक्षक,अधिकृत छैठौं, श्री संगीता अधिकारी - सदस्य

साथै, उल्लिखित तह वृद्धि सिफारिस समितिमा सहयोग पुर्याउन अधिकृत छैठौं श्री सुमन पौडेललाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. ३

रामधुनी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रम अनुरुप पठन-पाठन हुने अवस्थामा मिति २०८१।३।१३ गते नगर प्रमुखको अध्यक्षतामा वसेको प्रध्यानाध्यापक सहितको वैठकवाट सिफारिस भए वमोजिम तपसिल वमोजिमको प्रार्थाना गान स्वीकृत गरी २०८१ साल श्रावण महिनावाट सवै सामुदायिक विद्यालयहरुमा लागू गर्ने निर्णय गरियो ।

तपसिल



CamScanner

बैठक संख्याः ९।२०८१
बैठक मितिः २०८१।३।१४, समयः दिनको ३:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

## प्रार्थना गान

बहुल जाति भाषा धर्म एउटै माला उनी
त्रेता युगमा रामजीले जगाएको धुनी।
प्रकृतिले सुशोभित प्यारो रामधुनी
ऐतिहासिक मातृभूमी जय रामधुनी ।।

पूर्वतिर इटहरी उत्तरमा धरान
चारकोसे झाडी लगाएर सिरान ।
पश्चिमबाट वराहले आशीर्वाद दिने
दक्षिणतिर इनरुवा सिमानाले छुने ||

शङ्करवेली रासताल सम्पदाका खानी
पर्यटक लोभ्याउने प्रकृतिकी रानी ।
बालमैत्री नगरमा हामी स्वाभिमानी
सेवा गर्छौं आफ्नै गाउँको सुयोग्य बनी ।।

दशैं तिहार सिरुवा होली सहितका पर्व
छठ इद र साकेलामा गर्छौं हामी गर्व ।
संस्कृति र भेषभूषा हाम्रो पहिचान
जोगाउँदै विविधता राख्छौं आफ्नो शान ||

त्रेता युगमा रामजीले जगाएको धुनी
प्यारो हाम्रो मातृभूमि जय रामधुनी ||

बैठक संख्याः ९।२०८१
बैठक मितिः २०८१।३।१४, समयः दिनको ३:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

<u>निर्णय नं. ४</u>

रामधुनी नगरपालिका अन्तर्गत देहायका झोलुङ्गे पुलहरु मिति २०८१।३।१० गते सम्ममा निर्माण सम्पन्न गर्ने गरी उपभोक्ता समितिसंग सम्झौता भई म्याद थप भएकोमा सो म्याद भित्र निर्माण सम्पन्न हुन नसकी सम्वन्धित उपभोक्ता समितिहरुले उक्त झोलुङ्गे पुल निर्माण सम्पन्न गर्ने म्याद थप गरी दिन अनुरोध भई आएकोले मिति २०८१ मंसिर मसान्त भित्र निर्माण सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | झोलुङ्गे पुलको नाम, ठेगाना | कैफियत |
|---|---|---|
| १ | रामधुनी न.पा.वडा नं.२ र ४ जोड्ने सेरा खोला कुम्याही झो.पु. | |
| २ | रामधुनी न.पा.वडा नं.२ र ८ स्थित सेरा खोला मल्टि ट्रस वृज | |

<u>निर्णय नं. ५</u>

रामधुनी नगरपालिका वडा नं. ८ थापा चोक देखि कालिझोडा जाने १६ नहरको वाटो मर्मतमा रु.८००००।– विनियोजन गरिएकोमा ८ नं. वडा कार्यालयको च.नं.१६२७ मिति २०८१।३।१४ गतेको पत्रवाट थापाचोक रेवति खतिवडा घर पश्चिम रघुनाथपुर र लवटोलियामा उक्त वजेटवाट मर्मत कार्य संचालन गरी दिन अनुरोध प्राप्त भएकोले सोही वमोजिमको मर्मत कार्य संचालन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

रामधुनी नगरपालिका वडा नं. २ शंकरपुर शाखा नहर शिवनगर मा.वि. वाट झखना पुल हुदै सिंगिया कारागारसम्मको वाटोमा खाल्डा खुल्डी पुर्नको लागि २ नं. वडा कार्यालयको च.नं.२२५७ मिति २०८१।३।१४ गतेको पत्रवाट अनुरोध भई आएकोले चालु आ.व.२०८०।०८१ मा समपुरक कोष तर्फ विनियोजित वजेट मध्येवाट रु.१५००००।- विनियोजन गरी उक्त कार्य संचालन गर्ने निर्णय गरियो ।साथै, २ र ३ नं. वडाको सिमानामा शिव मन्दिरको कुलो सफाई गरे वापत चालु आ.व.२०८०।०८१ मा समपुरक कोष तर्फ विनियोजित वजेट मध्येवाट रु.२५४२५।– भुक्तानी दिने निर्णय गरियो ।



CamScanner

बैठक संख्याः ९।२०८१
बैठक मितिः २०८१।३।१४, समयः दिनको ३:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

<u>निर्णय नं. ७</u>

रामधुनी नगरपालिका अन्तर्गतका कडा रोगका विरामीहरुलाई नेपाल सरकारवाट उपलव्ध हुने सशर्त अनुदान रकम निकाशा हुन ढिलाई भएको कारणले गर्दा अपुग भएको रकम रु.२०१००००।– चालु आ.व.२०८०।०८१ मा पारिश्रमिक कर्मचारी शिर्षकमा विनियोजित वजेटवाट हाल खर्च लेखि शोध भर्नाको लागि नियमानुसार सम्वन्धित मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ८</u>

रामधुनी नगरपालिकावाट चालु आ.व.२०८०।०८१ मा संचालन हुन वाँकी रहेका तालिम, कार्यक्रम, गोष्टी तथा सेमिनार जस्ता कार्यक्रमहरु मिति २०८१।३।१५ गतेको दिनवाट संझौता नगर्ने निर्णय गरियो ।